दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २०१ | बुटवल | २०८२ साउन ०१ गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday July. 17, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

## अनर्गल प्रचारप्रति गम्भीर ध्यानाकर्षण




बुटवल । निजी क्षेत्रबाट ३७ वर्षदेखि निरन्तर प्रकाशित नेपालकै पुरानो र गौरवपूर्ण इतिहास बोकेको 'क' वर्गको राष्ट्रिय दैनिक लुम्बिनीको प्रकाशन संस्था सिद्धार्थ पब्लिकेसन्स प्रालि प्रकाशन तथा प्रशारण समाजमा नरहने भएको छ ।

पत्रिकामा प्रकाशित सरकारी विज्ञापन र यससँग लुम्बिनी प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकाललाई जोडेर लाञ्छित गर्ने गरी केही सञ्चारमाध्यममा प्रकाशित समाचारप्रति प्रालिले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

'जनपक्षीय पत्रकारितामार्फत् स्वच्छ छवि कायम गर्दै अघि बढेको पत्रिकामा प्रकाशन भएको विज्ञापनका विषयमा मन्त्रीलाई जोडेर तथ्यहीन समाचार प्रकाशन गर्नु निन्दनीय छ नै, पत्रकार आचार संहिताले समेत अर्को सञ्चारमाध्यमविरुद्ध विना प्रमाण निहीत स्वार्थ र पूर्वाग्रह प्रेरित भएर समाचार प्रकाशन गर्नु अनुचित भनेको छ ।'-प्रालिले निकालेको विज्ञप्तिमा उल्लेख छ ।

तहगत सरकारका विभिन्न कार्यालयबाट विज्ञापनहरु स्वभाविक प्रक्रियाबाट नै प्राप्त हुने विषयलाई सहन / स्वीकार गर्न नसकी फरक सञ्चार माध्यम र मन्त्रीलाई तथ्यहीन आरोप लगाएर संगठित रूपमा प्रायोजित समाचार प्रकाशन गर्नुले मर्यादित पत्रकारितामाथि नै प्रश्न उब्जाएको विज्ञप्तिमा उल्लेख छ ।

कुनै सञ्चारमाध्यममा कहिलेकाँही एक दुई वटा विज्ञापन बढी छापिंदैमा व्यवसायिक धर्म र मर्यादा बिर्सेर अर्नगल प्रचार गर्नु गलत भएको विज्ञप्तिमा उल्लेख छ ।

प्रकाशन तथा प्रसारण समाज लुम्बिनीका अगुवाहरु नै बसेर निर्णय गर्ने र कसैमाथि संगठित प्रहार गर्ने गैर-व्यवसायिक र बदनियतपूर्ण क्रियाकलापप्रति खेद व्यक्त गर्दै सञ्चालक समितिको निर्णयअनुसार सिद्धार्थ पब्लिकेशन प्रा.लि. उक्त समाजबाट अलग भएको सरोकारवाला सबैमा जानकारी गराएको छ ।

प्रालिले सदैव जनपक्षीय, स्वच्छ र मर्यादित पत्रकारितामा अविचलित भएर लागिरहने प्रतिबद्धता व्यक्त गरेको छ ।

### रूपन्देही ३ उप-चुनाव :

# दलहरूको सुरसार छैन, बालेनका उम्मेदवार घरदैलोमा

**लुम्बिनी संवाददाता**

*बुटवल*

आउँदो कात्तिक १७ गते हुने रूपन्देही-३ को प्रतिनिधिसभा सदस्यको उप-निर्वाचनको माहोल क्रमशः तात्दै जान थालेको छ ।

अहिलेसम्म राष्ट्रिय जनमोर्चाले बद्रे आलमलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । यस्तै गत बैशाखमा राप्रपा छाडेका भैरहवाका इट्टा उद्योगी अजयकुमार गुप्ता र बुटवल मोतीपुरका लेखनाथ गैरेले स्वतन्त्र उम्मेदवारी दिने औपचारिक घोषणा गरेका छन् ।

गत निर्वाचनको समानुपातिक मतका आधारमा धेरै मत पाएका दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, रास्वपा, राप्रपा र सात मधेश केन्द्रित दलहरुको संयुक्त लोकतान्त्रिक मोर्चाले उम्मेदवारको टुंगो लगाउन सकेका छैनन् । यी दलका उम्मेदवार आकांक्षीहरुले पनि सक्रियता देखाएका छैनन् ।

तर स्वतन्त्र उम्मेदवारी दिने निश्चित गरेकाकाठमाडौं महानगरपालिकाका मेयर बालेन शाहको सचिवालयका सन्तोष गिरी भने निर्वाचन क्षेत्रका वडाहरु र गाउँ घुमिरहेका छन् । रुपन्देही ३ मा पर्ने तिलोत्तमा नगरपालिका-६ पश्चिम पहुनी स्थायी घर भएका ३३ वर्षीय गिरी एक हप्तादेखि यहाँका विभिन्न दलका नेता कार्यकर्ता र मतदाताको घरदैलोमा पुगेर उनीहरुका भावना र नागरिक अपेक्षा बुझ्दै हिंडेका छन् । उम्मेदवारी दिने निश्चित भएपछि उनले नेपाल स्वीस च्याम्बर अफ कमर्सका प्रमुख कार्यकारी अधिकृतको जागिर छाडेका छन् । १७ वर्षको उमेरमै एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियू रुपन्देहीको सहसचिव भएर काम गरेका गिरी कुनै बेला राष्ट्रिय वादविवाद प्रतियोगितामा प्रथम स्थान हासिल गरेपछि देशैभर चर्चित भएका थिए । उनले ८ वर्षसम्म देशव्यापी युवा सशक्तिकरण अभियान समेत चलाएका थिए । संसद र सांसद कस्तो हुने भन्ने विषयमा राष्ट्रिय युवा संसदमा बोलेका उनले त्यसमार्फत् पुनः लोकप्रियता हासिल गरेका थिए । विभिन्न अन्तर्राष्ट्रिय फोरममा नेपालको प्रतिनिधित्व गर्दै प्रखर वक्ताका छवि बनाएका गिरी अर्थशास्त्रमा स्नातकोत्तर र कानुनमा स्नातक हुन् ।

उनले आफ्नो निर्वाचन क्षेत्रअन्तर्गत सिद्धार्थनगर, तिलोत्तमा, बुटवल, मायादेवी, शुद्धोधन र सियारीका बजार र गाउँहरू पुगेर किसान, स्थानीय नागरिक एवं सामाजिक अगुवाहरूसँग भेटघाटलाई बाक्लो बनाएका छन् ।

'मेयर ज्यू (बालेन)सँग सल्लाहमै उम्मेदवार बन्ने निश्चित गरेर टोल र वडातहसम्मै पुगेर खासगरी युवा, किसान, समाजका अगुवा, व्यवसायी सबैसँग भेटघाट गरिरहेको छु, उहाँहरुका अपेक्षा बुझ्दै छु,' गिरीले भने-'पहिलो चरणको भेटघाटबाट एकदमै उत्साहित छु, सबैजसो दलका युवा नेताहरुबाट सहयोग हुने प्रतिबद्धता पाएको छु, साउन २३ गते वृहत् कार्यक्रम गरेर उम्मेदवारीको औपचारिक घोषणाको तयारीमा छु ।'

प्रतिनिधिसभामा आफ्नो पक्षमा आवाज उठाउने प्रतिनिधिका रुपमा गिरीलाई बालेनले उम्मेदवार बनाउन जोडबल गरेको बालेन समर्थकहरु बताउँछन् । घरदैलोसँगै गिरीले राष्ट्रिय स्वतन्त्र पार्टीको पनि



समर्थन लिने गरी पार्टीका शीर्ष पदाधिकारीसँग वार्ता पनि भइरहेको बताए । 'धेरै मतदाताले बालेन र रविहरु मिलेर जानुपर्छ भनेको पाएँ,' गिरीले भने-'हामी एक्लाएक्लै चुनावमा जाँदा फेरि पनि पुरानै दलहरुले जित्ने जोखिम पनि छ, त्यसैले ०८४ को चुनावमा पनि सहकार्यको ढोका खोल्न यसपटक मलाई साथ दिने गरी कुरा भइरहेको छ ।'

रुपन्देही क्षेत्र नं. ३ कै स्थानीय, नयाँ अनुहारको युवा व्यक्तित्व र पुराना दलहरुप्रति मतदाता सन्तुष्ट नभएकाले गिरीले मतदाताको मन जित्न सक्ने नेपाली कांग्रेस निकट एक व्यवसायीले नाम उल्लेख नगर्ने शर्तमा बताए । 'हालै मात्र जेन जी पुस्तामाझ भएको सर्वेक्षणमा बालेनको पक्षमा ७३ प्रतिशत मत आएको थियो, त्यसले पनि उनको टिमका उम्मेदवारको पक्षमा युवा मतदाताको आकर्षण हुने देखिन्छ,' उनले भने-'एक हप्ताको उनको भेटघाटलाई हेर्दा धेरैजसो दलका युवा नेता, विद्यार्थीले गिरीलाई साथ दिने संकेत गरेको छ, तर यो मतमै परिणत हुन्छ या हुन्न त्यो त नतिजाले नै देखाउँला ।'

गिरीले निर्वाचन आयोगले तोकेको खर्च सीमा २५ लाख रुपैयाँ भन्दा बढी खर्च नगरी सुशासन र पारदर्शिता देखाउने बताए ।

'अघिल्ला चुनावहरुमा ठूला दलका नेताहरुले एउटै चुनावमा करोडौं खर्च गरेको, ट्रकमा पैसा र साडी बाँडेको, तर हारेको थुप्रै उदाहरण छन्,' गिरीले भने-'हाम्रो टिमले त्यस्तो गलत परिपाटी रोक्छ, चुनावी प्रकृयामै सुशासन कस्तो हो भन्ने देखाउछौं ।'

स्थानीय शासन, नीति निर्माण र नवप्रवर्तनमा प्रत्यक्ष अनुभव सँगालेका गिरीले रूपन्देही-३ का जनताले परिवर्तन खोजेकाले आफू उत्साहित भएको बताए ।

गिरीसँग भेटेपछि उनको उम्मेदवारीलाई नयाँ पुस्ताको सहभागिता र वैकल्पिक राजनीतिक शक्तिको प्रतिनिधित्वको रूपमा हेरिएको भैरहवाका व्यवसायी नारायणप्रसाद भण्डारी बताउँछन् ।

'पछिल्लो समय युवा पुस्तामा स्वच्छ र सक्षम युवा उम्मेदवारप्रति क्रेज देखिएको छ,' भण्डारी भन्छन्-'बालेन समर्थक र रास्वपा मिल्ने हो भने जित निश्चित छ, छुट्टाछुट्टै लडे हारिन्छ भन्ने सुझाव दिएँ ।'

रुपन्देही-३ मा राष्ट्रिय प्रजातन्त्र पार्टीले केन्द्रीय सदस्यद्वय स्वाती थापा र बसन्तविक्रम शाही, रुपन्देही अध्यक्ष सागरप्रताप राणा, स्व. दीपक बोहराका छोराहरु गौरव बोहरा र प्रज्ज्वल बोहरा तथा जिल्ला नेता दिलिप मल्लिकको नाम सिफारिस गरेको छ ।

सिफारिश भएका ६ जना मध्येबाट पार्टी केन्द्रले एकजनालाई उम्मेदवार बनाउने छ । ०७९ सालको निर्वाचनमा निर्वाचित भएका राप्रपाका वरिष्ठ नेता दीपक बोहराको निधन भएपछि कार्तिक १७ गते उपनिर्वाचन हुन लागेको छ ।

उप निर्वाचनमा नेपाली कांग्रेसबाट बालकृष्ण खाँण, भरत शाह, प्रमोद यादव, रामचन्द्र ढकाल, रमेश खनाललगायतको नाम चर्चामा छ । तर नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएर थुनामा परी रिहा भएका खाँण उम्मेदवारी दर्ताको समयसम्म मुद्दाको किनारा लागे मात्रै उम्मेदवार बन्ने अन्यथा नबन्ने उनी निकटहरु बताउँछन् । एमालेबाट पोलिटब्युरो सदस्य खिमलाल भट्टराई, व्यवसायी शशि पौडेल, पूर्व प्रदेश सांसद दधिराम न्यौपाने, केन्द्रीय निर्वाचन आयोगका सदस्य भरत पोखरेल र सिद्धार्थनगर नगरपालिकाका पूर्वमेयर हरि अधिकारी पनि उम्मेदवार बन्ने चर्चा छ । तर पौडेलले टिकट पाउने दाबी पार्टीकै नेताहरु बताउँछन् ।

» बाँकी ३ पेजमा

# १२ करोड बढीको अवैध सामान नियन्त्रणमा, ८ सय २३ फरार प्रतिवादी पक्राउ



**मोहम्मद हबिब**

*भैरहवा*

जिल्ला प्रहरी कार्यालय रुपन्देही र मातहत कार्यालयहरुले एक वर्षको अवधिमा भन्सार चोरी निकासी गरी भारतबाट नेपाल अवैध रुपमा ल्याउँदै गरेको १२ करोड बढिको सामान बरामद गरेको छ । यस्तै अदालतबाट दोषी ठहर भएर कैद, जरिवाना वा दुवै सजाए तोकेर भुक्तान नगरेका फरार प्रतिवादी रहेका ८ सय २३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

रुपन्देहीको नेतृत्व सम्हालेको एसपी प्रदिपबहादुर क्षेत्री तस्करहरुमा निर्मम बनेसँगै दुई महिनामा मात्रै जिल्ला प्रहरी कार्यालय र मातहतका युनिटले ५ करोड ३६ लाख ६० हजार बराबरको तस्करीका समान र तस्करीका लागि प्रयोग भएको साधन नियन्त्रणमा लिए । एसपी आएसँगै अभियान नै चलाई सिमाबाट हुने अवैध कारोबारलाई रोक्न कडा रुपमा प्रस्तुत भए जसको फलस्वरुप छोटो अवधिमा भन्सार राजस्व दाखिला ह्वात्तै बढ्यो । मौलाउँदै गरेको तस्करीलाई रोक्न उनले सबै युनिट इन्चार्जहरुलाई निर्देशन दिंदै दैनिक अवैध गतिविधि नियन्त्रणमा लागेका छन् । जिल्ला प्रहरी कार्यालयले दिएको सूचनाअनुसार एक वर्षको अवधिमा १२ करोड ६७ लाख ७१ हजार ७७९ रुपैयाँ बराबरको सामानहरु, र चोरी तस्करीमा संलग्न ३०२ वटा मोटरसाइकल, ८ वटा ट्रक, १७ वटा पिकअप, ३ वटा अटो, १ वटा ट्याक्टर नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि पठाइएको छ ।

पछिल्लो एक वर्षमा प्रहरीले तस्करी मात्र नभई तस्करीका लागि प्रयोग हुने साधन र तस्करी गर्ने व्यक्तिप्रति पनि निर्मम रहेको देखिन्छ ।

यसअघि बेवारिसे अवस्थामा समानहरु बरामद हुने गरेका थिए भने अहिले व्यक्तिसहित अवैध समानहरु बरामद भइरहेका छन् । एक वर्षको अवधिमा अवैध भन्सार छलि/ तस्करीमा संलग्न ११३ जनालाई नियन्त्रणमा लिईएको छ । असार महिनामा मात्रै ४३ जनालाई नियन्त्रणमा लिइएको बताउँदै एसपी क्षेत्रीले तस्करको मनोबल गिराउन र सीमितले मात्रै फाइदा लिइरहेको पाएकोले तस्करीप्रति निर्मम बनेको हो यसले राज्यलाई केही फाइदा पुग्ने बताए ।

रुपन्देही प्रहरीले पछिल्लो समय अदालतको फैसला कार्यान्वयन गर्न फरार प्रतिवादी खोजी गर्ने काममा समेत आक्रमक रुपमा लागेको छ । सजाय फैसला भएका त्यस्ता व्यक्तिहरु समाजमा खुलेआम घुमफिर गर्नु पनि सुरक्षा चुनौतीको रुपमा रहेकोले पक्राउ गरिएको रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरिक्षक क्षेत्रीले बताए । एक वर्षको अवधिमा फैसला कार्यान्वयनको शिलशिलामा विभिन्न मुद्दामा फरार रहेका ८ सय २३ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरी ५०६ वर्ष २ महिना १२ दिन कैद असुलउपर र ७ करोड ४५ लाख ८१ हजार ८१४ रुपैयाँ जरिवाना असुल उपर गराइएको छ । पक्राउ परेका फरार प्रतिवादीहरूमा लागुऔषध, सवारी ज्यान, कुटपिट लुटपाट, सार्वजनिक अपराध, कुटपिट अंगभंग, चोरी मुद्दालगायतका छन् । रुपन्देही प्रहरीले ६२ जना प्रतिवादीलाई पक्राउ गरी जिल्ला बाहिर र सम्बन्धित विभागमा फरार प्रतिवादीलाई पठाएको छ ।

खुला सीमा नाकाको फाइदा उठाएर भारतबाट नेपालतर्फ चोरी पैठारी गर्न लागिएको कपडा, चिनी, प्याज, कपडा, खाद्यन्न, हार्डवेयर, मोटर पार्टस, उपभोग्य सामान तथा ओसारपसारमा प्रयोग भएका साधन समेत नियन्त्रणमा कुनै कसर बाँकी नराखेको एसपीको भनाइ छ ।

यस्तै रुपन्देहीका विभिन्न स्थानहरुबाट अवैध गिट्टी, बालुवा, माटो उत्खनन् कार्यमा संलग्न ट्याक्टर ६० वटा, जेसिभी ३० वटा, टिप्पर र हाईवा २३ वटा नियन्त्रणमा लिई आवश्यक कारबाहीको सम्बन्धित स्थानीय निकायमा पठाइएको छ भने यसबाट पनि ४२ लाख ९२ हजार ७८ बराबरको जरिवाना असुल गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता सुरज कार्कीले जानकारी दिए ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# निर्यात खुलाऊ

भारतले एक्कासी निर्यात रोकेपछि भैरहवा विशेष आर्थिक क्षेत्र(सेज)का उद्योग समस्यामा परेका छन् । सेजमा रहेका दुई स्टील उद्योग विस्तार ग्लोबल र पञ्चकन्या समूहले एक महिनादेखि उत्पादन निर्यात गर्न नसक्दा समस्यामा परेका छन् ।

भैरहवा विशेष आर्थिक क्षेत्रमा निर्यातजन्य उद्योगलाई मात्रै स्थापना गर्न स्वीकृति दिइन्छ । निर्यात गर्ने गरी उद्योग स्थापना र सञ्चालन गर्न स्वीकृति पाएका उद्योग संकटमा पर्दा सरकारले समाधानको पहल गर्नुपर्छ । निरन्तर भइरहेको निर्यात एक्कासी रोकिंदा मुलुकमा औद्योगिक वातावरण कसरी बन्छ ? उद्योगका उत्पादन निर्यात रोकिएपछि चीनबाट आयात गरिएको कच्चा पदार्थ बाटैमा रोकिएका छन् । राज्यले निर्यात गर्नकै लागि उद्योगलाई स्वीकृति दिएको, तर निर्यात रोकिदा अब उद्योग बन्द गर्नुको विकल्प छैन । बाटोमै करोडौंको कच्चा पदार्थ अलपत्र परेका छन् ।

आर्थिक वर्ष २०८१/०८२ मा निर्यात ७६ प्रतिशतले बढेको छ । यो इतिहासमै निर्यातमा आएको छलाङ हो । निर्यातले बढ्दो व्यापार घाटा न्यूनीकरण गर्न बल पुऱ्याउने भएकाले सरकारले निर्यातजन्य उद्योगलाई प्रोत्साहन गर्दै आएको छ । सेजमा स्थापना भएका उद्योगलाई विभिन्न खालका सहुलियत दिनुको कारण निर्यात बढाउन हो । भारतमा भइरहेको निर्यात उत्साहजनक ढंगले बढेपछि उद्योगीहरुपनि उत्साहित हुन थालेका थिए ।

दिनप्रतिदिन औद्योगिक उत्पादन निराशाजनक ढंगले ओरालो लागिरहेको बेला सेजमा स्थापना भएका उद्योगले निर्यात बढाएर आशा जगाउने काम गर्दै थिए । केही समय अघि सिमेन्ट उद्योगले गर्दै आएको निर्यात रोकियो । प्लाइउड पनि पटक–पटक रोकिने र खुल्ने हुँदै आएको छ । नेपाली कृषि उत्पादन निर्यात गर्न पनि उत्तिकै समस्या छ । निर्यातजन्य उद्योग समस्यामा पर्दा सयौंको रोजगारी गुम्नेछ । देशमा अवसर छैन भनेर युवा पलायन भइरहेको बेला पलायनको दायरा अझै विस्तार हुने भएकोले भारतीय अवरोध खुलाउन ढिलाइ गर्न हुन्न । भारतीय अवरोधले नेपालमा लगानीको वातावरण बन्न जोखिम बढिरहेको छ ।

भारतसँग कुटनीतिक पहल गरी समस्याको समाधान गर्न सरकार अग्रसर हुनुपर्छ । समस्यामा परेका उद्योगीले नेपाल उद्योग वाणिज्य महासंघलाई समधानको पहलका लागि आग्रह गरेका छन् । उद्योग वाणिज्य महासंघले सरकारलाई ध्यानाकर्षण गर्दै ज्ञापनपत्र बुझाएको छ । निर्यात रोकिदा निराश उद्योगीलाई पलायन हुनबाट रोक्न सरकारी पहलकदमी द्रुत बन्न आवश्यक छ ।

# वर्षायाममा सतर्कता : प्राकृतिक विपत्तिबाट सुरक्षा र समाधानको बाटो



डा. टीका ढकाल

१. परिचय

नेपालको प्रकृति अनौठो सौन्दर्यले भरिएको छ । यहाँको हिमाल, पहाड र तराईको भूगोलले विविधता बोकेको छ । यही विविधता हाम्रो जीवनशैली र अर्थतन्त्रसँग मात्र होइन, हाम्रो सुरक्षासँग पनि गाँसिएको छ । हरेक वर्ष जेठको अन्त्यदेखि असोजको सुरुसम्म फैलिने वर्षायाम हामीलाई प्रकृतिको ऋतुचक्रको सन्देश मात्र होइन, सचेत र सजग भएर बाँच्नुपर्ने गम्भीर सन्देश पनि दिइरहेको हुन्छ । वर्षा एक आशीर्वाद कृषिको आधार हो, जलस्रोतको पुनःभरण र जीवनको चक्र चलिरहने माध्यम हो । तर जब सोही वर्षाले बाढी, पहिरो, डुबान र महामारी निम्त्याउँछ, तब त्यो आशीर्वाद एक चेतावनी बन्न पुग्छ ।

नेपालजस्तो भौगोलिक विविधता भएको देशमा जलवायु परिवर्तनका असरहरूसँग जोडिएको वर्षायाम थप चुनौतीपूर्ण बन्दै गएको छ । उब्जनीका लागि प्रतीक्षा गरिएको पानीले कहिलेकाहीँ आशाको बीउ होइन, शोकको कथा पनि बोकेको हुन्छ । बर्खायाममा आउने विपद्हरू जस्तै बाढी, पहिरो, सडक अवरोध, डेंगु वा हैजाको महामारी आकस्मिक मात्र होइनन्, रोक्नै नसकिने नियति हुन् । यी विपद् व्यवस्थापन र समयमै सतर्कता नअपनाउँदा झनै भयावह बन्न पुग्छन् । वर्षा याममा किन सतर्कता आवश्यक छ ? बाढी र पहिरोको कारण के हो ? यसको असर कसरी विभिन्न समुदायमा पर्छ ? अनि हामी नागरिक, समाज र राज्य के गर्न सक्छौं ?

२. **कसरी पर्दछ असर ?**

(**क**) **बाढी र पहिरो प्राकृतिक मात्र होइन, मानवनिर्मित**

नेपालको भौगोलिक विविधताले बाढी, पहिरो र डुबानजस्ता प्राकृतिक-मानवनिर्मित विपद्को प्रकार र प्रभावमा प्रत्यक्ष असर पार्छ । २०७२ को भूकम्पपछिका भू-संरचनात्मक असन्तुलन, सडक विस्तार, जलविद्युत् आयोजना र हिउँ पग्लने दरले हिमताल फुट्ने (GLOF) खतरा तीव्र बनाएको छ । लाङटाङ, गोसाइँकुण्ड र टिमुरे आसपासका क्षेत्रमा बढ्दो ग्लासियर झीलहरूले उच्च जोखिम निम्त्याएका छन् । अर्कातर्फ, पूर्वी तराईका मोरङ, सप्तरी, सिराहा, धनुषा र उदयपुर जस्ता जिल्लाहरू भारतबाट आउने कोसी, कमला, बलान नदीको बाढीका कारण प्रत्येक वर्ष डुबानमा पर्छन् । तटबन्धको अभाव, सीमापार बाँध, तथा जल निकास प्रणाली कमजोर हुँदा हजारौँ परिवार विस्थापित हुने गरेका छन् । २०७४ सालको सप्तरी डुबानमा मात्र ४५ हजारभन्दा बढी परिवार प्रभावित भएका थिए ।

सुदूरपश्चिमका कैलाली, अछाम, डोटी, बैतडी, बझाङजस्ता पहाडी तथा तराई-भेकका जिल्लाहरू पनि बाढी, सुक्खा पहिरो र खोलाको अकस्मात उर्लिएर आउने बहावको चपेटामा छन् । खोलाहरू बर्सातको समयमा विनाशकारी बन्ने गरेका छन्, जुन बेला तटीय बस्तीहरू क्षतविक्षत हुन्छन् । चुरे क्षेत्रको अवैज्ञानिक दोहन ढुंगा, बालुवा र काठको अवैध उत्खनन्, वन विनाश र जमिन ढल्कनाको बेवास्ताले तराईतर्फ बाढीको बहाव तीव्र पारेको छ । यसले केवल पहिरो बढाएको मात्र होइन पानीको स्वाभाविक निकास रोकिदिएर डुबान पनि निम्त्याएको छ । यसरी, हिमाली भुभाग जोखिमदेखि पूर्वी तराईको डुबान र चुरे-सुदूरपश्चिमको पहिरो-संकटसम्म, नेपालका हरेक भू-भागले आफ्नै प्रकृतिको विपद् सामना गर्दैछन्, जसमा मानवीय असावधानीको भूमिका अझ गम्भीर छ ।

यसबाहेक, जलवायु परिवर्तनको प्रभाव पनि नेपालमा विपद् व्यवस्थापनलाई चुनौतीपूर्ण बनाउँदैछ । मनसुनको समयमै नआउनु, वर्षा चक्रमा असमानता, एकैपटक अत्यधिक वर्षा हुनु, वा लामो समयको खडेरी जस्ता असरले प्राकृतिक प्रणालीलाई असन्तुलित बनाएको छ । पछिल्ला वर्षहरूमा मनसुनको अवधिमा परिवर्तन देखिँदै गएको छ, जसले बाली चक्र मात्र होइन, बाढी-पहिरोको तीव्रता पनि बढाएको छ । जलवायु परिवर्तनका कारण ग्लेसियर पग्लने दर तीव्र हुँदै गएको छ, जसले हिमनदी फेरेर गम्भीर संकट निम्त्याउन सक्छ । विश्व तापमानको वृद्धिसँगै उष्ण क्षेत्रका रोगहरू पनि उच्च पहाडसम्म फैलिन थालेका छन्, जुन अर्को खतरा हो ।

यसरी, हिमाली भुभागको हिमताल विस्फोटको जोखिमदेखि पूर्वी तराईको डुबान, चुरे र सुदूरपश्चिमको पहिरो-संकटसम्म, नेपालका हरेक भू-भागले आ-आफ्नै प्रकृतिको विपद् सामना गर्दै आएका छन् । यस सन्दर्भमा जलवायु परिवर्तन, असन्तुलित विकास र मानवीय असावधानीको त्रिकोणीय प्रभावले नेपाल उच्च विपद्-संवेदनशील देश हुन पुगेको छ ।

(**ख**) **प्रत्यक्ष पीडित : को–को हुन्छन् ?**

वर्षा यामको प्रत्यक्ष असर गरिब, सीमान्तकृत, र जोखिममा रहेका समुदायमाथि पर्दछ । पहाडी बस्तीका किसान, खोलापारीका दलित समुदाय, नदीकिनारका भूमिहीन परिवारहरू सबैभन्दा बढी जोखिममा छन् । खेतबारी डुबानमा पर्छ, घर भासिन्छ, गाईवस्तु बग्छन् । पुनःस्थापना गर्न स्रोत छैन । उनीहरू न घर फर्कन सक्छन्, न त नयाँ जीवन सुरु गर्न सहजै सक्छन् । यात्रुहरू, सडक निर्माण स्थलका मजदुर, विद्यालय जाने बालबालिका, काम गर्न जाने महिलाहरू, तथा अस्थायी टहरामा बसोबास गरिरहेका आप्रवासीहरू पनि प्रत्यक्ष असरमा पर्छन् । छिटो बाढी आउने खोलामा पसेका यात्री बग्ने, खोलापारिका बालबालिका विद्यालय जान नसक्ने, सुत्केरी महिलाले उपचार नपाउने यी सबै यथार्थ हुन्, जुन वर्षादको समयमा बारम्बार दोहोरिन्छन् ।

(**ग**) **जनस्वास्थ्य संकट : रोग, महामारी र मानसिक आघात**

वर्षाको पानीसँगै सरुवा रोगहरूको त्रास पनि बढ्छ । सहरमा डेंगु, गाउँमा झाडा-पखाला, कहिलेकाहीँ हैजा र टाइफाइडको प्रकोपले स्वास्थ्य प्रणालीमै भार पर्छ । पानी पिउने स्रोतहरू प्रदूषित हुँदा रोगको जोखिम झनै बढ्छ । अस्थायी शिविरमा बस्नुपरेका पीडितहरू स्वच्छता, खाना, स्वास्थ्य सेवा र गोपनीयताको अभावमा दोहोरो पीडामा पर्छन् ।

साथै, घर गुमाउनु, परिवार गुमाउनु, वा आर्थिक क्षति सहनु आफैंमा मानसिक आघात हो । वर्षाको समयमा हजारौँ मानिस 'त्रासमा बाँच्न बाध्य हुने' अवस्था मानसिक स्वास्थ्यका लागि ठूलो चुनौती बन्न पुग्छ ।

३. **समाधानका उपायहरू**

(**क**) **नागरिक तहमा सतर्कता**

सुरक्षा केवल सरकारको जिम्मेवारी होइन । नागरिक स्वयंले आफ्नो घर-छिमेकको जोखिम मूल्याङ्कन गर्न सक्नुपर्छ । वर्षाअघि नै छाना मर्मत, नाली सफाइ, आवश्यक कागजात र सामानको सुरक्षा, टर्च, रेडियो, प्राथमिक औषधि र खाजा संकलन जस्ता सामान्य सतर्कता उपायहरू पनि ठूला क्षति रोक्न सक्ने हुन्छन् । साथै, जोखिममा रहेका छिमेकी परिवार, वृद्ध, अशक्त, बालबालिकाको हेरचाहमा सामूहिक रुपमा जागरूक हुनुपर्छ ।

(**ख**) **स्थानीय सरकार र समुदायको भूमिका**

स्थानीय तहको सबैभन्दा महत्वपूर्ण जिम्मेवारी भनेको जोखिम नक्साङ्कन (hazard mapping) गर्नु हो । कुन क्षेत्र बाढी-पहिरोको चपेटामा पर्छ भन्ने जानकारी पहिले नै भएमा उद्धारको तयारी र समयमै चेतावनी दिन सकिन्छ । सूचना प्रवाह गर्न साइरन, SMS सेवा, रेडियो वा सामुदायिक संजाल प्रयोग गर्न सकिन्छ । खोला किनार, पहिरो सम्भावित क्षेत्र वा जलमग्न बस्तीहरूमा अस्थायी शिविरको तयारी, राहत सामग्रीको पूर्वसञ्चय, स्वयंसेवक परिचालन जस्ता काम गर्न जनप्रतिनिधिले प्राथमिकता दिनुपर्छ । त्यस्तै, विद्यालयहरूलाई 'सुरक्षित विद्यालय' बनाउने अभियानमार्फत शिक्षक र विद्यार्थीलाई विपद् तयारीमा सक्षम बनाइनु आवश्यक छ ।

(**ग**) **संघीय सरकारको दीर्घकालीन नीति**

नेपाल जस्तो भौगोलिक र जलवायु विविधतायुक्त मुलुकमा दीर्घकालीन संरचनागत सुधार अपरिहार्य छ । राज्य तहमा मात्र होइन, संघीय, प्रदेश र स्थानीय सरकारबीच सहकार्य, स्रोत बाँडफाँट, र एकीकृत योजना आवश्यक छ । बाढी, पहिरो र डुबानजस्ता विपद्को दीर्घकालीन व्यवस्थापनका लागि निम्न प्रमुख नीतिगत र प्रविधिगत प्रयासहरू आवश्यक छन्-

- नदी नियन्त्रण, तटबन्ध निर्माण, र जलप्रवाह व्यवस्थापनमा वैज्ञानिक दृष्टिकोण अपनाइनु,
- पहिरो नियन्त्रणका लागि वन संरक्षण, चुरे क्षेत्रको दीगो उपयोग, र भू-संरचना नीतिको कार्यान्वयन,
- शहरी क्षेत्रमा आधुनिक ढल निकास प्रणाली, वर्षा पानी व्यवस्थापन र जलभराव नियन्त्रण,
- मौसम पूर्वानुमान प्रणालीमा प्रविधिगत सुधार गरी जष्भज-चभकयगितष्यल डेटा विश्लेषणमा आधारित पूर्वसूचना प्रवाह,
- विपद् व्यवस्थापनमा छुट्टै बजेट र Disaster Management Fund जस्ता कोषहरूको स्थायी व्यवस्था ।

त्यस्तै, बाढी र पहिरोबाट विस्थापित परिवारहरूको पुनःस्थापनालाई केवल अस्थायी टहरा बनाउने सीमित दृष्टिकोणबाट होइन, दीर्घकालीन आवास अधिकार, वैकल्पिक जीविकोपार्जनको अवसर, बालबालिकाको शिक्षामा निरन्तरता र मनोसामाजिक सहायता उपलब्ध गराउने रूपमा लिनुपर्छ । यसका लागि community–based resilience framework निर्माण गरिनु पर्दछ, जसले दीगो समाधान सुनिश्चित गर्दछ । संघीय सरकारले जलवायु-अनुकूल रणनीति, आपतकालीन सूचना प्रणाली, र जोखिम नक्सांकन (hazard mapping मा समेत जोड दिनुपर्छ । यस कार्यमा कृत्रिम बुद्धिमत्ता (AI) प्रविधिको प्रयोगद्वारा द्रुत पूर्वानुमान (quick forecasting) र तुरुन्त प्रतिक्रिया (rapid response coordination) गर्न सकिने प्रणालिको विकास गर्नुपर्दछ ।

त्यस्तै, 'विपद् सूचना केन्द्र (Disaster Information and Response Center)' को स्थापना गरी बहुआयामिक जोखिम विश्लेषण, राहत संयोजन, र नागरिक सहभागितालाई एकीकृत गर्नु जरुरी छ । बाढी तथा पहिरोको उच्च जोखिम भएका क्षेत्रहरूमा यो अर्ली वार्निङ (Early Warning System-quick forecasting) प्रणाली अनिवार्य रूपमा जडान गर्नुपर्छ जसबाट समयमा सूचना प्राप्त गरी जनधनको क्षति न्यूनीकरण गर्न सकियोस् यसरी, संघीय सरकारको नेतृत्वमा प्रदेश र स्थानीय सरकारसँगको सहकार्यमा जोखिम न्यूनीकरण, पुनःस्थापना गरि समृद्ध र सुरक्षित नेपाल बनाउन सम्भव छ । त्यस्तै, बाढी र पहिरोबाट विस्थापित परिवारहरूको पुनःस्थापनालाई केवल टहरा बनाउने मात्र नभई, आवास अधिकार, वैकल्पिक जीविकोपार्जनको अवसर, बालबालिकाको शिक्षामा निरन्तरता र मनोसामाजिक सहायता सुनिश्चित गर्नुपर्दछ ।

(**घ**) **सञ्चार माध्यमको जिम्मेवारी**

सञ्चार क्षेत्रको भूमिका सूचना मात्र नभइ चेतनाको स्रोत हो । तथ्यमा आधारित, पुष्टि गरिएको, नकारात्मक हैन सकारात्मक समाधान सुझाउने समाचारहरूले समुदायमा विश्वास बढाउँछ । अफवाह फैलाउने हैन, 'के गर्ने ? कसरी बच्ने ?' भन्ने शैलीको सञ्चारले विपद् व्यवस्थापनलाई सहज बनाउँछ ।

**निष्कर्ष** :

वर्षा आफैमा शत्रु होइन, तर हामीले बनाएका कमजोर संरचना, लापरवाहीपूर्ण प्रवृत्ति र चेतनाको अभावले यसलाई खतरा बनाएको हो । हामी वर्षासँग डराउने होइन, तयारी गरेर सामना गर्न सक्ने हुनुपर्दछ । नागरिकको सतर्कता, समुदायको ऐक्यबद्धता, सरकारको सक्रियता र सञ्चारको सकारात्मकता मिलेर मात्रै हामी वर्षा यामको जोखिमलाई न्यूनीकरण गर्न सक्छौं ।

'सतर्कता नै सुरक्षा हो' भन्ने सन्देश आजको वर्षायामले हामीलाई फेरि स्मरण गराइरहेको छ ।

अब निर्णय हाम्रो हो सजग भएर बाँच्ने कि अनभिज्ञतामा जोखिम ब्यहोर्ने ? घटना र विचारबाट

# शारीरिक क्रियाकलापः कुन उमेरमा कति जरूरी हुन्छ ?

हाम्रो दैनिक जीवनमा हामीले विभिन्न शारीरिक क्रियाकलाप गर्छौं । हाम्रो शरीरमा रहेका ६०० भन्दा बढी मांसपेशीहरूले सन्तुलित ढङ्गमा काम गर्दा हामी यी क्रियाकलापहरु गर्न सक्षम हुन्छौं । शारीरिक क्रियाकलापले हाम्रो समग्र स्वास्थ्यलाई नै प्रभाव पारिरहेको हुन्छ । आजभोलि आधुनिकीकरण तथा प्राविधिक विकास सँगसँगै हामीले गर्ने दैनिक क्रियाकलापमा पनि परिवर्तन आएको छ । यसले हाम्रो दैनिकीलाई सरल त बनाएको छ तर शारीरिक क्रियाकलाप कम हुँदै गइरहेको छ ।

शरीरलाई स्वस्थ राख्न र शारीरिक सन्तुलन बनाइराख्न हामीमध्ये कतिपयले आफ्नो दैनिकीमा व्यायाम र योगको अभ्यास गरिरहेका छौं । कतिपयलाई स्वास्थ्यकर्मीले नै योजनाबद्ध रुपमा व्यायाम स्वीकृत गरिदिनुभएको छ । व्यायाम भनेको योजनाबद्ध, संरक्षित र दोहोऱ्याएर गरिने शारीरिक गतिविधि हो । तसर्थ सामान्य शारीरिक क्रियाकलापले हाम्रो शरीरलाई सक्रिय राख्छ, तर लक्षित व्यायाम विशेष स्वास्थ्य समस्याहरूमा सुधार ल्याउन प्रयोग गरिन्छ जुन विशेषज्ञद्वारा सिफारिस गरिन्छ । शारीरिक क्रियाकलापको तीव्रतालाई तीन भागमा वर्गीकरण गरिएको छ । कम तीव्रता मध्यम तीव्रता र बढी तीव्रता ।

शारीरिक तीव्रतालाई हामी मुटुको चाल वा श्वासको गतिबाट मापन गर्न सक्दछौं । कम तीव्रताको गतिविधिमा शरीर हलुका चलिरहेको हुन्छ, तर सास र मुटुको गति खासै बढ्दैन, तपाईं सजिलैसँग गफ गर्न सक्नुहुन्छ । उदाहरणः बिस्तारै हिँड्नु, घरको हलुका काम र सरसफाइ । मध्यम तीव्रताको गतिविधिमा साँस र मुटुको गति केही बढ्छ । गफ गर्न सकिन्छ तर निरन्तर रूपमा बोल्न गाह्रो हुँदै जान्छ । उदाहरणः छिटो हिँड्नु, सामान्य साइकल चलाउनु, घरको गाह्रो काम जस्तै पोछा लगाउने, बगैँचामा खन्ने आदि । उच्च तीव्रताको गतिविधिमा सास धेरै चाँडो बढ्छ पसिना आउँछ; बोल्न गाह्रो हुन्छ र केही शब्द मात्र बोल्न सकिन्छ । उदाहरणः दौडनु, डाँडामा उकालो हिँड्नु, खेलकुद आदि ।

विश्व स्वास्थ्य संगठनले विभिन्न उमेर समूह र अवस्थाको अनुसार के र कति शारीरिक क्रियाकलाप गर्ने भनेर सिफारिस गरेको छ । ५ देखि १७



वर्षसम्मको उमेर समूहको लागि दिनको कम्तीमा एक घण्टा मध्यमदेखि बढी तीव्रता हुने शारीरिक क्रियाकलाप गर्न सिफारिस गरेको छ । यसका साथै हप्तामा कम्तिमा तीन दिन मांसपेशी तथा हड्डीलाई दरो बनाउन बढी तीव्रताको क्रियाकलाप गर्न सुझाव दिन्छ । १८ देखि ६४ उमेरका वयस्कहरूको हकमा भने सबैलाई कम्तीमा हप्ताको १५० देखि ३०० मिनेट मध्यम तीव्रता हुने क्रियाकलाप वा कम्तीमा ७५ देखि १५० मिनेट बढी तीव्रता हुने क्रियाकलाप वा दुवैको समतुल्य संयोजन गर्न सिफारिस गरिएको छ ।

थप शारीरिक फाइदाको लागि हप्ताको दुई दिन मांसपेशी दरो बनाउने मध्यम या तीव्र गतिको क्रियाकलाप गर्न सिफारिस गर्दछ । ६५ वर्षको उमेरपछि पनि वयस्कहरूको जतिकै शारीरिक क्रियाकलाप गर्न सिफारिस गरेको छ। त्यो बाहेक हप्ताको तीन दिन शारीरिक सन्तुलन र शक्ति बढाउने मध्यमदेखि बढी तीव्रताको क्रियाकलाप गर्न सिफारिस गर्दछ । बुढ्यौलीमा पर्याप्त शारीरिक क्रियाकलापले गर्दा लड्ने र लडेपछि हुने चोटपटक जस्तै हड्डी टुट्ने, मांसपेशीको चोटपटकबाट बचाउने र दैनिकी क्रियाकलाप गर्न पनि सहज हुन्छ । स्वास्थ्यकर्मीले निषेधित नगरेको हकमा हप्ताको ३०० मिनेटभन्दा बढी मध्यम तीव्रता हुने शारीरिक क्रियाकलाप वा हप्ताको १५० मिनेटभन्दा बढी बढी तीव्रता हुने शारीरिक क्रियाकलापको लागि सिफारिस गर्दछ ।

सामान्य गर्भवती तथा सुत्केरी अवस्थामा हप्ताको कम्तिमा १५० मिनेट मध्यम तीव्रताको शारीरिक क्रियाकलापको लागि सिफारिस गरेको छ । साथै मांसपेशी दरो बनाउने क्रियाकलाप र मांसपेशी तन्काउने सामान्य कसरतहरू पनि फाइदाजनक हुन्छन् । गर्भवती हुनुभन्दा पहिले नै बढी शारीरिक संलग्न महिलाहरू वा शारीरिक क्रियाकलापमा पर्याप्त सक्रिय महिलाहरुलाई ती क्रियाकलापहरु सुचारु राख्न सिफारिस गरेको छ । यो अवस्थामा पर्याप्त शारीरिक गतिविधिले गर्भवती अवस्थामा हुने उच्च रक्तचाप मधुमेह अति मोटोपना प्रसव व्यथा तथा सुत्केरी अवस्थामा हुने जटिलता तथा डिप्रेसन हुनबाट बचाउन सक्दछ । यी अवस्थामा भने शारीरिक क्रियाकलाप गर्दा होसियार रहनु पर्छ र स्वास्थ्यकर्मीको सुझाव पनि लिनुपर्दछ ।

वयस्क तथा बुढ्यौली उमेर समूहमा दीर्घ रोगहरू जस्तै क्यान्सर, उच्च रक्तचाप, मधुमेह, एचआइभीमा पनि पर्याप्त शारीरिक क्रियाकलापले समस्या अनुसारको फाइदा पुऱ्याउँछ जस्तै रोग बढ्नबाट जोगाउने, नियन्त्रणमा राख्ने, दैनिकीको गुणस्तर सुधार गर्ने, मृत्युदर घटाउने र मानसिक स्वास्थ्य सबल राख्ने । यो अवस्थामा शारीरिक गतिविधिको तीव्रता र समय भने बुढ्यौली उमेरको जतिकै गर्न सिफारिस गरेको छ । अपाङ्गता भएका वयस्क तथा वृद्ध व्यक्तिहरूलाई पनि समान समय र तीव्रताको सिफारिस गर्दछ ।

अपाङ्गता भएका बालबालिकाहरूमा पर्याप्त शारीरिक क्रियाकलापले शारीरिक स्फूर्ति प्रदान गर्ने, हड्डी र मांसपेशी दरो बनाउनुको साथसाथै संज्ञात्मक विकासमा सहयोग गर्दछ र दैनिकी कार्यमा पनि सुधार ल्याउँछ । शारीरिक गतिविधिको समय र तीव्रता भने सामान्य बालबालिकाहरूको जस्तै गर्न सिफारिस गरेको छ ।

**ध्यान दिनुपर्ने कुराहरू**

- धेरै समयसम्म आसिन भएर बस्दा दीर्घ रोगहरू जस्तै मुटुरोग क्यान्सर र मधुमेहको जोखिम बढ्दछ । त्यसैले आसिन समय खटाई शारीरिक सक्रियता बढाउनु स्वास्थ्यको लागि फाइदाजनक हुन्छ ।
- हरेक क्रियाकलापले माइना राख्छः कामको क्रियाकलाप, खेलकुद, घरायसी काम वा फुर्सदको गतिविधिहरु ।
- हामीले बसेर बिताउने समय विशेषगरी मनोरञ्जनात्मक स्क्रिन समयलाई सकेसम्म सीमामा राख्नुपर्छ ।
- शारीरिक क्रियाकलाप आफ्नो क्षमता अनुसार सुरुवात गर्नुपर्छ र बढाउँदै जानुपर्छ ।
- सामान्य बाहेक विशेष अवस्थाहरू जस्तै गर्भावस्थाको मधुमेह अत्यन्त उच्च रक्तचाप अत्याधिक मधुमेह आदिमा विशेषज्ञ डाक्टर तथा फिजियोथेरापिस्टको सल्लाह लिनुपर्दछ ।
- कुनै पनि शारीरिक गतिविधि नगर्नु भन्दा केही गर्नु राम्रो हो ।

शारीरिक क्रियाकलाप हाम्रो जीवन शैलीको अत्यावश्यक र महत्वपूर्ण हिस्सा हो, स्वास्थ्यमा सन्तुलन कायम राख्न हामीले पौष्टिक आधारमा आहारमा ध्यान दिनु समयसमयमा स्वास्थ्य परीक्षण गराउनु र शरीरको सङ्केतहरूलाई गम्भीरतापूर्वक लिन आवश्यक छ । हामीले जे भए पनि चलिरहन्छ भन्ने सोच नअपनाई सचेत भएर आफ्नै स्वास्थ्यको जिम्मेवारी लिनु आजको आवश्यकता हो ।

स्वास्थ्यखबरबाट

# दुई अटोप्राविधिक तालिम समापन



बुटवल । अटोमोबाइल क्षेत्रका काम गरिरहेका जनशक्तिलाई समयअनुसार परिमार्जित भइरहेका सवारीहरुको प्रविधिको बारेमा जानकारी गराउने उद्देश्यसहित बुटवलमा सञ्चालन भएका दुईवटा प्राविधिक तालिम समापन भएका छन् । बुटवल अटो इञ्जिनियरिङ एसोसिएसन रूपन्देही लुम्बिनीको व्यवस्थापनमा भएका तालिमहरु एक कार्यक्रमका बिचमा समापन गरिएको हो ।

इञ्जिन प्रणाली व्यवस्थापन र नेपाली सेनाका जनशक्तिलाई हेवि इञ्जिनियरिङ इक्वपेन्ट मेकानिक्स एडभान्स तालिम समापन समारोहमा बोल्दै लुम्बिनी प्रदेशसभा सदस्य जमुना ढकालले प्रदेश सरकार प्राविधिक शिक्षा र व्यवसायिक तालिमलाई प्राथमिकतामा राखेर अगाडि बढिरहेको साथसाथै नीतिगत, संरचनागत र कार्यक्रमगत रुपमा यस्ता कार्यक्रमलाई अझ विस्तार गर्न कटिबद्ध भएको बताइन् ।

उनले वर्तमान विश्व प्रतिस्पर्धात्मक भएको जहाँ दक्षता, सीप र प्रविधिको ज्ञान आवश्यकतामा परिणत हुँदै यस्ता प्राविधिक तालिमहरूले युवाहरूलाई आत्मनिर्भर, उत्पादनमुखी र रोजगारमुखी बनाउने दिशामा सार्थक योगदान पुऱ्याउने बताइन् ।

बुटवल अटो इञ्जिनियरिङ एसोसिएसन रूपन्देही लुम्बिनीका अध्यक्ष प्रेम गौचनले बिगत १० वर्षयता निरन्तर तालिम सञ्चालन भएको बताउँदै आगामी दिनहरूमा पनि यस्ता तालिमलाई अझ व्यापक बनाउने र औद्योगिक तथा प्राविधिक क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन गर्ने दिशामा निरन्तर लागिरहने बताए ।

कार्यक्रममा नेपाल अटो इञ्जिनियरिङ एसोसिएसनका केन्द्रीय उपाध्यक्ष ज्योति भण्डारीले बुटवल अटोले धेरै नै जनशक्ति उत्पादन गरेको दाबी गरे । रूपन्देही उद्योग संघ सिप विकास इकाईका कार्यक्रम संयोजक खिमानन्द रिजालले सवारी साधन मर्मत सम्भारको क्षेत्रमा दक्ष जनशक्तिको खाँचो देशभर हुँदा समस्या भोग्नु परेकाले व्यवहारीक ज्ञान प्रयोग गर्न आग्रह गरे । संस्थाका उद्योग उपाध्यक्ष तथा प्रविधि तालिम विभाग प्रमुख धुर्वराज भुसालको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन संस्थाका महासचिव पुनीत पोखेलले गरेका थिए ।

इञ्जिन प्रणाली व्यवस्थापनसम्बन्धी रूपन्देही उद्योग संघ र इन्स्योर परियोजनाको सहकार्य र नेपाल सरकार रक्षा मन्त्रालय नेपाली सेना विद्युत् तथा यान्त्रिक शिक्षालय खरिपाटी भक्तपुरको संयुक्त आयोजना तथा बुटवल अटो इञ्जिनियरिङ एशोसिएशन रुपन्देही लुम्बिनीको व्यवस्थापनमा भएका थिए ।

# १६८ छोरीलाई मुद्दती खाता उपहार

बागलुङ । बागलुङ नगरपालिकाले 'नगरकी छोरी' कार्यक्रमअन्तर्गत दुई वर्षमा १६८ जना छोरीको मुद्दती खाता खोल्न सफल भएको छ । बागलुङ नगरपालिकाले रु पाँच हजारसहितको मुद्दती खाता छोरीलाई उपहार स्वरुप प्रदान गरिएको जनाएको छ ।

नगरपालिकाले २०८० साउनदेखि नगरपालिकाभित्र जन्मेका सबै छोरीलाई २० वर्षे मुद्दती खाता खोलेको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिए । नगरपालिकाले दुई वर्षमा नगरभित्र जन्मेका १६८ छोरीको खातामा रु पाँच हजारका दरले रु आठ लाख ४० हजार जम्मा गरिसकेको बताए ।

नगरपालिकाभित्रका १४ वटा वडामा जन्मिएका छोरीहरूको नाममा प्रभु बैंक लिमिटेड बागलुङ शाखामा खाता खोली नगद पाँच हजार नगरपालिकाले जम्मा गरिदिएको हो ।

"नगरपालिकाले छोरीहरूको प्रोत्साहनका लागि 'नगरकी छोरी' कार्यक्रम सञ्चालन गरेको छ", नगरप्रमुख श्रेष्ठले भने-"१३औं नगरसभाद्वारा पारित नीति तथा कार्यक्रमअन्तर्गत अहिलेसम्म एक सय ६८ जना छोरीहरुको २० वर्षे मुद्दती खाता उपहार दिइएको छ, छोरी जन्माउनेलाई प्रोत्साहन गर्ने नगरको नीतिअनुसार हो, त्यहीअनुसार मुद्दती खाताम चक्रिय ब्याज आउने गरी कार्यविधि निर्माण गरेर बैंकसँग सम्झौता गरिएको छ ।"

परिवारमा बचत गर्ने बानी बसाल्न नगरकी छोरी कार्यक्रम ल्याइएको उनको भनाइ छ । नगरको छोरी कार्यक्रम सञ्चालनका निम्ति कार्यविधि निर्माण गरेर कार्यान्वयन गरिएको छ ।

जिल्लाको बागलुङ नगरपालिकाले 'नगरकी छोरी' कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको छ । आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेटमार्फत ल्याएको कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याएको हो ।

नगरकी छोरी कार्यक्रमको कार्यविधिको दफा ६ मा कोष सञ्चालनसम्बन्धी व्यवस्थाअनुसार छोरीहरूका लागि मुद्दती खाता सञ्चालन गरी प्रत्येक छोरीहरूका लागि एक पटक रु पाँच हजार" जम्मा गर्ने प्रावधान छ ।

सो मुद्दती खातामा परिवारका सदस्यले रकम थप गर्न चाहेमा थप गर्न सक्ने, यसरी सञ्चालन भएको मुद्दती खाताको रकम छोरी २० वर्ष नपुगेसम्म झिक्न नमिल्ने कार्यविधिमा उल्लेख छ ।

नगरपालिकाले पहिलो छोरीको रूपमा बागलुङ नगरपालिका-२ श्रीनगर टोलका दुर्गाबहादुर क्षेत्री र मिलिमा केसीकी छोरी अद्धिका क्षेत्रीको नाममा खाता खोलेर 'नगरकी छोरी' कार्यक्रमको थालनी गरेको थियो ।

नगरमा जन्मेका छोरीहरूको सम्मान र आर्थिक भविष्यका उक्त कार्यक्रम ल्याएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिदत्त कँडेलले जानकारी दिए । छोरीहरूको संरक्षण, छोरीलाई गरिने विभेदको अन्त्य, बालविवाहको उन्मूलनसहित छोरीलाई शिक्षित र स्वावलम्बी बनाउने उद्देश्यले बागलुङ नगरपालिकाले 'नगरकी छोरी' कार्यक्रम कार्यान्वयन गरेको कँडेलको भनाइ छ ।

**दलहरुको...**

माओवादी केन्द्रसहितका विपक्षी दलबाट उम्मेदवारका आकांक्षी अझै खुलेका छैनन् । तर एकीकृत समाजवादीका युवा नेता एवं अस्पताल व्यवसायी कमल भण्डारी उम्मेदवार बन्ने चर्चा छ ।

रास्वपाबाट उम्मेदवारका आकांक्षी आफैं खुलेका छैनन् । तर आकांक्षी निकटहरुका अनुसार क्षेत्र नं. ३ का सभापति मधु अर्याल, सहकारी अभियान्ता ज्ञानु पौडेललगायतको नाम चर्चामा छ ।

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबाट नागरिक उन्मुक्ति पार्टीले उम्मेदवारी दिने ७ दलबिच सहमति भएको छ ।

**यस्तो छ विगतको नतिजा**

९० हजार मत खसेको २०७९ सालको निर्वाचनमा नेपाली कांग्रेसले २० हजार २७८ मत पाएको थियो । एमालेले १६ हजार ९८६ मत पाउँदा रास्वपाले १४ हजार १५४ र राप्रपाले भने जम्मा ९ हजार १८३ मत पाएको थियो ।

त्यस्तै नागरिक उन्मुक्ति पार्टीले ६ हजार र जसपाले ५ हजार मत पाएको थियो । लोसपाले ५ हजार, जनमत पार्टीले ३ हजार ७००, माओवादी केन्द्रले २ हजार ६०० सय, जनमुक्ति पार्टीले १ हजार ९००, हाम्रो नेपाली पार्टी (लौरो)ले १ हजार ३४७ र नेकपा एकीकृत समाजवादीले ७८१ मत पाएका थिए ।

रुपन्देही-३ मा १ लाख ३९ हजार ७६४ मतदाता छन् । यो क्षेत्रमा नेपाल-भारत सीमा क्षेत्र बेलहिया नाकादेखि बुटवल उपमहानगरको वडा नम्बर १४ देखि १९, शुद्धोधन गाउँपालिका र सिद्धार्थनगर नगरपालिकाका सबै वडा, सियारी गाउँपालिकाको वडा नं. १ देखि ३, ६ र ७, ओमसतिया गाउँपालिकाको वडा नं. २, मायादेवी गाउँपालिकाको वडा नं. ७ र ८, तिलोत्तमा नगरपालिकाको वडा नं. १३ र १४ र बुटवल उप-महानगरपालिकाको वडा नं. १४ देखि १९ वडा समेटिएको छ ।

२०४८ सालमा कांग्रेसका रामकृष्ण ताम्राकारले चुनाव जितेको यहाँ ०५१ मा एमालेका धनपति उपाध्यायले जितेका थिए । उपाध्यायको निधनपछि रिक्त रहेको सो क्षेत्रमा उपचुनाव हुँदा २०५२ मा एमालेकै घनश्याम भुसालले जितेका थिए । २०५६ सालमा फेरि कांग्रेसका ताम्राकारले जिते भने २०६४ सालमा क्षेत्र पुनर्संरचना भएपछि बालकृष्ण खाँण निर्वाचित भए । २०७० सालमा पुरानै निर्वाचन क्षेत्र हुँदा दीपक बोहरा राप्रपाबाट विजयी भएका थिए । २०७४ मा नयाँ भूगोल समेटेर क्षेत्र नं. ३ बनेपछि एमालेका घनश्याम भुसाल र २०७९ मा पुनः राप्रपाका दिपक बोहरा एमालेको समर्थनमा विजयी भएका थिए ।

२०७४ सालमा नेपाली कांग्रेसले दीपक बोहरालाई उम्मेदवार बनाएर बालकृष्ण खाँणलाई समानुपातिक सांसद बनाएको थियो । तर, एमालेका तर्फबाट घनश्याम भुसालले ३२ हजार ८६६ मत ल्याएर जिते । बोहराले २७ हजार ४२२ मत ल्याएका थिए । त्यतिबेला एमाले र माओवादी केन्द्र मिलेर चुनाव लडेका थिए ।

**१२ करोड...**

यस्तै जिल्ला प्रहरी कार्यालय महिला सेलले गत आर्थिक वर्ष २०८०/०८१ मा ५ सय ६९ वटा घरेलु हिंसाका उजुरीहरु दर्ता भएका थिए । जसमध्ये ३ सय ९८ वटा उजुरी मेलमिलापबाट समाधान गरिएको छ भने आर्थिक वर्ष २०८१/०८२ मा ६४८ वटा उजुरी बालबालिका तथा जेष्ठ नागरिकसम्बन्धी आएकोमा ६११ वटा मिलापत्र भएको, ४ सय ७१ वटा घरेलु हिंसाको उजुरीमध्ये ४२८ वटा मिलापत्र भएको छ ।

कार्यालयका अनुसार एक वर्षको अवधिमा जिल्ला भर १ हजार ७ सय ७ वटा मुद्दा दर्ता भएकोमा १ हजार १ सय ४५ वटा फर्छौट भएको छ । मुद्दा दर्तामध्ये बैंकिङ कसुरमा ४१७, झुण्डी आत्महत्या २०२, अभद्र व्यवहार १८५, ज्यान समबन्धी १५७, लागुऔषध १२६ रहेको छ । यस्तै अन्य विभिन्न प्रकृतिका ४९ वटा शीर्षकका मुद्दा दर्ता भएको छ ।

कार्यालयका अनुसार जिल्ला भर एक वर्षको अवधिमा २०६ जनाले झुण्डी आत्महत्या, ४५ जनाले विष सेवन, २ जनाले आगो लगाएर र १ जनाले हाम फालेर गरी २५४ जनाले आत्महत्या गरेका छन् ।

एक वर्षको अवधिमा रुपन्देही प्रहरीले १२६ वटा लागुऔषधको मुद्दा दर्ता गरी २ सय २२ जनालाई पक्राउ गरेको छ भने उनीहरुको साथबाट कुल ११३ केजी ७६१ ग्राम गाजा, ७३२ ग्राम ब्राृन सुगर, २०६ वटा क्याप्सुल, २० केजी चरेश, ७१८ वटा ट्र्याबलेट, १२ हजार २ सय ७९ एम्पुल र ६० बोतल कोरेक्स बरामद भएको छ ।

**नेपाल पक्षघात संघ प्रा.लि.**

## सिद्धार्थनगरको सूचना

यस संघको दोस्रो साधारण सभा २०८२ श्रावण ३० शुक्रबारका दिन निम्न समय र स्थान संचालन गर्न संघको कार्यसमितिको मिति २०८२ असार १७ को निर्णय अनुसार सबै सदस्य महानुभावहरुलाई उपस्थित हुन जानकारीको लागि अनुरोध गरिन्छ ।

**स्थानः नेशनल न्यूरो सेन्टरको छातामा महाराजगंज-३, काठमाडौं (अमेरिकन दूतावास नजिक)**

**समयः दिनको १०:०० बजे**

**मो.नं.:** ९८५१२०२९२६, ९८०१०९७८५६, ९८४५३२५३०४

## मध्यविन्दु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### नवलपरासी(बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल

## हाट बजार व्यवस्थापन ठेक्का सम्बन्धी बढाबढ सूचना

**सूचना प्रकाशित मिति २०८२/०४/०१**

आ.व. २०८२/०८३ को (२०८२ साउन देखि २०८३ असार मसान्त सम्म) को लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरुको अधिनमा रही ठेक्का नम्बर अनुसारको सिलबन्दी दरभाउपत्र फारम खरिद गरी रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न ७ (सात) दिने यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | सूचना/ ठेक्का नं. | हाट बजार लाग्ने स्थान | न्यूनतम अंक रु. (भ्याट बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | १/२०८२/०८३ | चोरमारामा लाग्ने मंगलबार र शनिबारको हाट बजार | २,३०,०००/ | १,०००/- |
| २ | २/२०८२/०८३ | अरुणखोलामा लाग्ने आइतबार र बुधबारको हाट बजार | २,५०,०००/ | १,०००/- |
| ३ | ३/२०८२/०८३ | हर्बस्टारमा लाग्ने हाट बजार, वडा नं १५ | २५,०००/ | १,०००/- |

**शर्तहरुः-**

१) सिलबन्दी दरभाउपत्रको यो सूचना प्रकाशित भएको मिति २०८२/०४/०१ गते देखि ७ दिन (मिति २०८२/०४/०७) गते भित्र गत आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र, आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखीत दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सिलबन्दी दरभाउपत्र खरिद शाखाबाट खरिद गर्न सकिने छ ।

२) सिलबन्दी दरभाउपत्र मिति २०८२/०४/०८ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ । सिलबन्दी दरभाउपत्र पेश गर्दा सिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दीवालाको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ । सिलबन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ ।

३) सिलबन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३००००३००१००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ ।

४) म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको सिलबन्दी दरभाउपत्र फारम भरी आएको सिलबन्दी दरभाउपत्रवालाको दस्तखत एवं छाप नभएको र प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफुले कवोल गरेको अंकको एकमुष्ट रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि.चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३०००००१००१००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कबुलियत गर्न आउनु पर्नेछ ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेको व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेस्की/ बेरुजु बांकी हुनेले फर्छयौट नगरेसम्म सिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन ।

७) दर्ता नभएको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलबन्दी दरभाउपत्रवालाले पालना गर्नु पर्नेछ ।हाट बजार कर नगरपालिकाको आर्थिक ऐन,२०८२ बमोजिम हुनेछ ।

९) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## मध्यविन्दु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### नवलपरासी(बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल

## कवाडी जन्य सामान निकासी करको सिलबन्दी दरभाउपत्र सम्बन्धी बढाबढ सूचना

**सूचना प्रकाशित मिति २०८२/०४/०१**

यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छातोकीएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसारको सिलबन्दी दरभाउपत्र फारम खरिद गरी रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न (१५) दिने यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | सूचना/ ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम अंक रु. (भ्याट बाहेक) | ठेक्का अवधि | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ४/०८२/०८३ | मध्यबिन्दु नगरपालिका क्षेत्र भित्र कवाडी बिक्री तथा निकासी शुल्क, दस्तुर संकलन कार्य | ५,७७,५००/ | सम्झौता अवधि देखि २०८३ असार मसान्त सम्म | १,०००/- |

**शर्तहरुः-**

१) सिलबन्दी दरभाउपत्रको यो सूचना प्रकाशित भएको मिति २०८२/०४/०१ गते देखी १५ दिन (मिति २०८२/०४/१५) गते भित्र गत आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र, आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखीत दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सिलबन्दी दरभाउपत्र खरिद शाखाबाट खरिद गर्न सकिने छ ।

२) सिलबन्दी दरभाउपत्र मिति २०८२/०४/१६ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ। सिलबन्दी दरभाउपत्र पेश गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दीवालाको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ। सिलबन्दी दरभाउपत्र खरिद तथा पेश गर्ने अन्तिम दिन सार्वजनीक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ ।

३) सिलबन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३००००३००१००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ ।

४) म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएका, कार्यालयबाट विक्री नभएको सिलबन्दी दरभाउपत्र फारम भरी आएका सिलबन्दी दरभाउपत्रवालाको दस्तखत एवं छाप नभएका र प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफुले कवोल गरेको अंकको एकमुष्ट रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि.चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३०००००१००१००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कवोलियत गर्न आउनु पर्नेछ ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बांकी रहेको व्यक्ति वा फर्महरुले बोकी रकम चुक्ता नगरे सम्म र पेस्की/बेरुजु बाँकी हुनेले फर्छयौट नगरे सम्म सिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन ।

७) कुनै कारणबस दर्ता भएको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ। साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलबन्दी दरभाउपत्रवालाले पालना गर्नु पर्नेछ ।

९) कवाडी बिक्री तथा निकासी शुल्क, दस्तुर संकलन कार्य नगरपालिका क्षेत्रभित्र मात्र गर्न पाइने छ। पूर्व-पश्चिम राजमार्गमा ढाँट वा अन्य कुनै किसिमको अवरोध गरी शुल्क, दस्तुर संकलन गर्न पाइने छैन ।

१०) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**तरकारी किनमेल:**

दाङको घोराही उप-महानगरपालिका-१५ स्थित अमृतटोलमा सञ्चालनमा रहेको कृषि उपज बिक्री केन्द्रमा बुधबार बिहान ताजा तरकारी खरिद गर्दै उपभोक्ता। किसानले बिहानैदेखि आफ्नो बारीमा उत्पादन भएका तरकारीहरू बिक्री केन्द्रमा ल्याउने गरेका छन् भने उपभोक्ता दैनिक उपभोगका लागि ताजा तरकारी किन्न आउने गर्छन्। तस्विरः कुलदीप न्यौपाने/रासस

### ग्रामीण विकास लघुवित्त वित्तीय संस्था विवादः

# शेयरधनी महिलाले राष्ट्र बैंक गुहारे




बुटवल। बिगतमा महिलाहरुको बैंक भनेर पहिचान बनाएको ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.का शेयरधनी महिलाहरुले न्यायका लागि नेपाल राष्ट्र बैंक समक्ष गुहार मागेका छन्। संस्थाको गत असार २८ गते सम्पन्न दशौं साधारणसभाले गरेको मर्जरको निर्णय एवं शेयरधनी महिला र कर्मचारीको विरोधलाई लिएर उत्पन्न विवाद कारण संस्थापक महिला शेयरधनीहरु नेपाल राष्ट्र बैंक गुहार्न पुगेका हुन्। भैरहवास्थित नेपाल राष्ट्र बैंकको क्षेत्रीय कार्यालय पुगेर उनीहरुले उक्त साधारणसभाको निर्णय खारेज गर्न अपिल गरेका छन्।

संस्थापक महिला शेयरधनीहरुले बैंकको सञ्चालक समितिले छलछाम र जालसाजी गरी अन्यायपूर्ण ढंगले साधारणसभा गरेको आरोप लगाउँदै अधिकांश महिला शेयरधनीहरुको भावनामाथि खेलवाड गरी अन्यायपूर्ण निर्णय गरेको बताएका छन्। उनीहरुले भने–“पटक-पटक स्थान परिवर्तन गरेर, अधिकांश महिला शेयरधनी र कर्मचारीहरुलाई गुमराहमा पारेर गर्न खोजेको के हो ? एकातिर बोलाएर एकातिर साधारणसभा गर्ने, प्रवेशका लागि छुट्टै पासको व्यवस्था गरेर झुक्याउने, १० हजारभन्दा बढी शेयर सदस्य भएको संस्थाको साधारणसभा होटेलको पाँचौं तलामा १०/१५ जना बसेर गर्ने ? यो सरासर गलत हो, निर्णय सच्याउनु पर्छ।”

असन्तुष्ट शेयरधनी महिलाहरुले नेपाल राष्ट्र बैंक क्षेत्रीय कार्यालय भैरहवाका प्रमुख रमेश अर्याललाई भेटी ध्यानाकर्षण पत्र समेत दिएका छन्। “नेपाल राष्ट्र बैंकलाई समेत गुमराहमा पारेर गरिएको सामान्य एउटा वित्तीय संस्थाको साधारणसभामा हातहतियार गोलीगट्ठासहितका प्रहरीहरु तैनाथ गरेर, संस्थासँग असम्बन्धित व्यक्तिहरु भाडामा ल्याएर गुण्डागर्दी शैलीमा सभास्थललाई घेराबन्दी गरेर, कर्मचारी र शेयरधनीहरुलाई प्रवेशमा रोक लगाएर के गर्न खोजिएको हो ?”–शेयरधनी महिलाहरुले प्रश्न गरेका छन्। सञ्चालक समितिका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतमाथि तत्काल छानबिन गरी कारबाही गर्न उनीहरुले माग गरेका छन्। यसैबिच ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको वार्षिक साधारणसभा विवादमा तानिएको नेपाल राष्ट्र बैंक भैरहवा कार्यालयले जनाएको छ। महिला शेयरधनीहरुको निवेदन उपर आवश्यक छानविन गरी उचित कारबाही हुने बैंकका प्रमुख रमेश अर्यालले बताएका छन्। शेयरधनीहरूले कार्यकारी प्रमुख श्यामकुमार कटुवालमाथि अपारदर्शी ढंगले कर्मचारी नियुक्ति गरेको, संस्थालाई आर्थिक भार पर्नेगरी महँगो गाडी खरिद गरेको, कार्यालय खर्च बढाएकोलगायत आर्थिक अपचलनको गम्भीर आरोप लगाएका छन्। साथै, ‘मर्जर नगरे पिसिए लाग्छ’ भन्दै कर्मचारीमाथि दबाब दिएको पनि उल्लेख छ।

अर्कोतर्फ, कम्पनी ऐनविपरीत एक व्यक्ति सीइओ र कम्पनी सचिव रहेको भन्दै यो राष्ट्र बैंकको नियमविपरीत भएको पनि उल्लेख गरेका छन्। मनपरि रुपमा ४०% भत्ता वृद्धि गरी संस्थालाई आर्थिक भार थपिएको विषयमा पनि छानबिनको माग गरिएको छ। शेयरधनी महिलाहरू भन्छन्-“१० वर्ष बितिसक्यो, न लाभांश आयो, न बोनस्। घरको गाँस काटेर लगानी गरेका छौं, तर अधिकार पाएका छैनौं।” उनीहरूले विवादास्पद मर्जर निर्णय खारेज गर्न, पुनः सबै शेयरधनीको उपस्थितिमा सभाको आह्वान गर्न, र दोषीलाई कारबाही गरी संस्थामा पारदर्शिता कायम गर्न राष्ट्र बैंकसँग माग गरेका छन्।

बिगतमा ग्रामीण विकास बैंकका आधारशिलाका रुपमा रहेका संस्थापक शेयरसदस्य महिलाहरु भनेर चिनिएका महिला संस्थापक शेयरधनीहरुलाई सभास्थल प्रवेशमा रोक लगाएर, कर्मचारीहरुको विरोध प्रदर्शनलाई समेत बेवास्ता गर्दै साधारणसभामा सर्लाही मलंगवाको समाज विकास लघुवित्त वित्तीय संस्थासँग तत्काल मर्ज गर्ने निर्णय गरिएकोमा अधिकांश शेयरधनी र कर्मचारीहरुको बिमती रहेको थियो। सञ्चालक समितिले शेयरधनीहरुलाई गुमराहमा पार्न साधारणसभा गर्ने स्थान पटक-पटक परिवर्तन गरी अनियमित ढंगले गरिएको साधारण सभा र साधारणसभाको निर्णयप्रति हामी घोर बिरोध गर्दछौं भनि सो विज्ञप्तिमा जनाइएको छ।

यसअघि संस्थाका प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवालले ५५० जना कर्मचारी नियुक्ती गर्दा गैरकानुनी र अपारदर्शी ढंगले भर्ना गरेको, महँगा गाडी खरिद गरेको,आदि विषयमा उनीहरुले उल्लेख गरेका छन्। संस्थाको सञ्चालक समितिको बैठक केन्द्रीय कार्यालय बुटवलमा नगरी काठमाडौंका तारे होटेलहरुमा गर्ने, प्रमुख कार्यकारी अधिकृत काठमाडौं जाँदा आफू जहाजबाट जाने र गाडी सडक मार्गबाट पठाउने गरेको, कार्यालय सञ्चालन खर्च अनावश्यक बढाएकोलगायत संस्थाको हितविपरीत आर्थिक अपचलन समेत गरेको, तत्काल मर्जर नगरे संस्थालाई पिसिए लाग्छ भन्दै धम्काउने गरेको सो अपिलमा उल्लेख छ।

# वन्यजन्तुबाट बाली जोगाउन नसकेपछि टिमुरखेती



पाल्पा। वन्यजन्तुबाट बाली जोगाउन नसकेपछि यहाँका किसान टिमुरखेतीमा आकर्षित भएका छन्। खेतबारीमा लगाएको मकै, कोदोलगायतका अन्नबाली बाँदर र बदेलले सखाप पार्न थालेपछि किसानले विकल्पका रुपमा टिमुरखेती गर्न थालेका हुन्।

टिमुरखेती गर्दा क्षति पनि नपुग्ने र आम्दानी पनि हुने भएपछि यस्तो विकल्पमा आफूहरू लागेको रैनादेवी छहरा गाउँपालिका सत्यवतीकी गीता घर्तीले बताइन्। यहाँका प्रायजसोले बारीभरी टिमुर लगाएको उनले जनाइन्।

“यहाँका सबैजसो किसानले बारी र बाँझो जमिनमा टिमुर लगाएका छन्, वनसँग जोडिएका ठाउँमा अरू बाली लगाएर जोगाउनै सकिँदैन, त्यसको विकल्प टिमुरखेती बनेको छ।”-घर्तीले भनिन्। टिमुरबाट आम्दानीसमेत राम्रो हुँदै आएको उनको भनाइ छ।

पहिले मकैखेती लगाउँदै आएकी घर्तीले अहिले बारीमा ५० बोट टिमुरका बिरुवा लगाएकी छन्। दिनहुँजसो वन्यजन्तु आउने ठाउँमा अन्नबाली लगाएर भित्र्याउने समयसम्म केही नरहने भएपछि टिमुरखेती गर्न थालेको उनीं बताउँछिन्।

उनले भनिन्-“हरेक वर्ष बारीमा मकै लगायो बाँदर र बँदेलले खाएर सखाप पारिदिन्छन्। मेहिनत गरेर लगाएको बाली भित्र्याउने बेलामा आएर वन्यजन्तुले खाइदिएपछि विकल्पको रुपमा टिमुर लगाइदिएकी हुँ।” टिमुरबाट राम्रो आम्दानीसमेत हुने घर्तीको भनाइ छ। उनी मात्र हैन यहाँका अधिकांश किसान अन्नबाली छाडेर टिमुरखेतीमा लागेका छन्।

यहाँका सत्यवती, जुठापौवा, बल्डेङ्गगढी, छहरा, रिब्दीकोटको देउराली, पालुङमैनादी, कुसुमखोला, फेकका गाउँमा अन्नबाली वन्यजन्तुले सखापै बनाउन लागेपछि किसानले वनबालीअन्तर्गत टिमुरको व्यावसायिक खेती गर्न थालेका हुन्।

रिब्दीकोट गाउँपालिका ठिमुरे ढुस्टुङका बुद्धबहादुर राना पहिला-पहिला बारीका काल्नामा टिमुर लगाउँदा सबै हाँस्थे। जब टिमुर आम्दानीको बलियो माध्यम बन्यो, त्यसपछि भने बारी ढाक्ने गरी सबैले टिमुर लगाउन थालेको उनी बताउँछन्। बारीको छेउ, ढिक, खोरिया तथा वनमा लगाइएको टिमुरखेतीले जिल्लाका दुई हजारभन्दा बढी किसानलाई फाइदा पुगेको छ।

असारको अन्तिम सातादेखि असोज-कात्तिक महिनासम्म टिमुर बिक्री गरेर यहाँका किसानले वार्षिक रु एक लाखदेखि तीन लाखसम्म आम्दानी गर्ने गरेका छन्। टिमुरबाट वार्षिक रु दुई लाख आम्दानी गरेको रिब्दीकोट-६, ठिमुरेका किसान शिवबहादुर जिसीले बताए। चार वर्षअघि बाँझो जग्गामा लगाइएको टिमुरका बोटले अहिले राम्रो फाइदा दिएको उनले जनाए।

पछिल्लो समय अर्गानिक र औषधिजन्य जडीबुटीको प्रयोगकर्ता बढेका कारण सहरी क्षेत्रमा टिमुरको माग अत्यधिक छ। बजारमा अचार बनाउन, तरकारी पकाउँदा तथा मसला बनाउन र औषधि बनाउन टिमुरको प्रयोग हुँदै आएको छ। ग्रामीण क्षेत्रमा भन्दा बजारमा बस्ने मानिसहरूले टिमुरको प्रयोग बढाएकाले टिमुरले राम्रो मूल्य पाएको किसानको भनाइ छ।

अग्लो र ओसिलो स्थानमा यसको खेती गर्न सकिने भएकाले पाल्पाको अधिकांश स्थानमा टिमुरको खेती गर्न सकिने किसानको भनाइ छ। बाँदरले अन्य खेतीमा आक्रमण गरिरहेका बेला टिमुरखेती किसानका लागि फाइदाजनक र सुरक्षित भएको डिभिजन वन कार्यालयका प्रमुख नारायणदेव भट्टराईले बताए।

उनले भने-“अन्य खेतीमा बाँदरको आक्रमण हुन्छ, तर टिमुर खेतीबाट किसानलाई सुरक्षित र दीर्घकालीन फाइदा हुन्छ।” एकपटक टिमुरको बोट हुर्काएपछि वर्षौंसम्म फाइदा लिन सकिने भट्टराईको भनाइ छ। टिमुरको पकेट क्षेत्र बनाउन कार्यालयबाट बिरुवासमेत वितरण गर्ने गरेको उनले बताए। जिल्लाका पूर्वखोला र निस्दी गाउँपालिकाका विभिन्न स्थानमा टिमुरखेती हुने गरेको उनको भनाइ छ।

# ‘साउन डेङ्गी सचेतना’ महिना घोषणा

बुटवल। सरकारले ‘साउन महिना डेङ्गी सचेतना’ घोषणा गरेको छ। बुधबार आयोजित कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले ‘साउन महिना डेङ्गी सचेतना’ घोषणा गरेका हुन्।

मन्त्री पौडेलले साउनमा डेङ्गी सङ्क्रमण उच्च विन्दु पुग्ने तथा तीव्र हुने भएकाले साउनको सुरुआतदेखि नै सचेतना फैलाउनका लागि डेङ्गी सचेतना महिनाका रूपमा घोषणा गरिएको जानकारी दिए।

उनले साउनदेखि कात्तिकसम्म डेङ्गीको जोखिम हुने भएकाले हरेक शुक्रबार बिहान १० बजे ‘खोज र नष्ट गर’ अभियान सुरु गरिने उल्लेख गरे। “डेङ्गी साउन महिनामा उच्च सङ्क्रमण हुने सुरुवाती महिना हो”, उनले भने-“यस महिनामा सतर्कता अपनाउन सके सङ्क्रमण कम गर्न सकिन्छ। त्यसैले सम्भावित जोखिम नियन्त्रण गर्नका लागि साउनलाई सचेतना अभियान महिना घोषित गरिएको हो।”

मन्त्री पौडेलले डेङ्गी सरकारको एकल पहलले मात्र गर्न न्यूनीकरण गर्न नसकिने भन्दै निजी क्षेत्र, समुदाय, टोल सबैको सहयोग र समन्वय आवश्यक पर्ने खाँचो औंल्याए।

मन्त्रालयका सचिव डा. विकास देवकोटाले साउनमा बढी पानी पर्ने भएकाले घर वरपर पानी जम्न नदिने उपाय अपनाउन सबैलाई अनुरोध गरे। उनले कम्तिमा साउनदेखि कात्तिकसम्म लामखुट्टे खोज र नष्ट गर अभियान हरेक कार्यलय, टोलमा सञ्चालन गर्न सके डेङ्गी सङ्क्रमणलाई कम गर्न सकिने धारणा राखे।

“गत वर्ष सुरु भएको लामखुट्टे खोज र नष्ट गर अभियानका कारणले डेङ्गी सङ्क्रमण घटेको छ”, उनले भने- “यसपटक पनि यस अभियानलाई निरन्तरता दिएर सङ्क्रमण घटाउनु पर्छ।” सचिव डा देवकोटाले डेङ्गी पूर्णरूपमा उन्मूलन गर्न नसकिने भन्दै मानिसको जीवनशैली परिवर्तन गरेर सङ्क्रमित हुनबाट जोगिनुपर्ने बताए।

स्वास्थ्य सेवा विभागका महानिर्देशक टङ्कप्रसाद बाराकोटीले डेङ्गी सङ्क्रमण एडिज जातको लामखुट्टेको टोकाइबाट सर्ने भएकाले उक्त लामखुट्टेलाई खोजेर नष्ट गर्नु उत्तम उपाय रहेको बताए।

# अङ्गुरी योजना र राजस्व दुबैमा उत्कृष्ट

**अविजित पन्थी**
*अर्घाखाँची*

अर्घाखाँचीको पाणिनि गाउँपालिका वडा नम्बर ७ अङ्गुरीले आर्थिक वर्ष २०८१/८२ मा समग्र कार्यसम्पादनमा उत्कृष्टता हासिल गर्दै पालिकाभित्रकै सर्वोत्कृष्ट वडाको रूपमा सम्मान प्राप्त गरेको छ। मंगलबार सम्पन्न आठौँ गाउँसभा बैठकले ‘प्रोत्साहन, पुरस्कार तथा सम्मानसम्बन्धी मापदण्ड २०८१’ को आधारमा उत्कृष्ट कार्यसम्पादन गर्ने वडाहरू र शाखाहरूको मूल्यांकन गरी सम्मान गरेको हो।

वडा नं. ७ ले राजस्व संकलन र योजना कार्यान्वयन दुबै पक्षमा उच्च प्रदर्शन गर्दै आफूलाई अनुकरणीय वडाको रूपमा स्थापित गरेको छ। राजस्व शाखाको विवरणअनुसार सो वडाले यो आर्थिक वर्षमा कूल ९ लाख ५४ हजार ४ सय ६४ रुपैयाँ ९६ पैसा राजस्व संकलन गर्न सफल भएको छ। यो पाणिनिका सबै वडाभन्दा बढी हो। दोस्रो स्थानमा परेको वडा नं. ८ ले वडा ७ को तुलनामा १६ हजार रुपैयाँ कम राजस्व संकलन गरेको हो।

योजनाको कार्यान्वयनमा समेत वडा नं. ७ नै शीर्ष स्थानमा रहेको छ। वडाले आर्थिक वर्ष २०८१/८२ को जेष्ठ मसान्तसम्ममा ६८.९७ प्रतिशत योजना तथा कार्यक्रम सम्पन्न गरेको गाउँपालिकाले जनाएको छ। दोस्रो स्थानमा वडा नं. २ परेको छ।

राजस्व शाखा प्रमुख कमल न्यौपानेले राजस्व संकलनको अनुपात र वडाको सक्रियताले अन्य वडालाई पनि प्रभाव पार्ने अपेक्षा व्यक्त गरे।

वडाध्यक्ष गुनाखर अधिकारीले भने-“वडाको प्रगति कुनै एक जनाको प्रयासले मात्र सम्भव हुँदैन। यो उपलब्धि जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति र स्थानीय जनताको ऐक्यबद्धता र सहकार्यको परिणाम हो। पारदर्शी ढंगले योजना कार्यान्वयन गर्दा जनताको विश्वास जित्न सकियो। अब हामी अझ सशक्त ढंगले अघि बढ्नेछौं।”

शाखागत मूल्यांकनमा शिक्षा, युवा तथा खेलकुद शाखा सबैभन्दा उत्कृष्ट भएको छ। यस शाखाले जेष्ठ मसान्तसम्ममा वार्षिक योजनाअन्तर्गत ६६.३५ प्रतिशत कार्यक्रम सम्पन्न गरेको थियो। दोस्रो स्थानमा रहेको स्वास्थ्य शाखाले पनि प्रगति देखाएको छ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा आफ्नै स्रोतबाट १ करोड ३२ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा १ करोड ४२ लाख ४ हजार ६ सय ४२ रुपैयाँ ३१ पैसा संकलन गर्दै १०७.६२ प्रतिशत लक्ष्य प्राप्त गर्न सफल भएको छ।

गाउँसभा बैठकबाट आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट, आर्थिक ऐन २०८२ र विनियोजन ऐन २०८२ पनि पारित गरिएको छ। साथै गत चैत २७ र २८ गते सम्पन्न पाणिनी तपोभूमि सम्मेलनको खर्च विवरण समेत सार्वजनिक गरिएको छ। गाउँपालिकाले उक्त सम्मेलनमा कूल ६० लाख २८ हजार ३०३ रुपैयाँ खर्च भएको जानकारी गराएको छ।

गाउँपालिका अध्यक्ष टेकराज न्यौपानेले राष्ट्रिय दैनिक लुम्बिनीसँग कुरा गर्दै भने-“वडा नं. ७ ले उल्लेखनीय प्रगति देखाएको छ, जुन गाउँपालिकाका लागि प्रेरणादायी हो। तर अन्य वडाहरूले पनि यसबाट सिकेर आफ्नो क्षेत्रमा कामको गुणस्तर र जनसहभागिता बढाउन जरुरी छ। हामी सबै मिलेर गाउँपालिकाको समग्र विकासलाई सशक्त बनाउने लक्ष्यमा काम गरिरहेका छौं।”

प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेले योजनाको तर्जुमा, पारदर्शिता र समयमा कार्यान्वयन हुँदा सकारात्मक परिणाम हासिल भएको बताए।

उपाध्यक्ष नर्मदा गौतम पौडेलले वडाबिचको स्वस्थ प्रतिस्पर्धाले गाउँपालिकाको समग्र कार्यशैलीमा सकारात्मक प्रभाव परेको बताउँदै भभनिन्-“यसले वडाहरूलाई अझ सक्रिय र उत्तरदायी बनाएको छ। सबै वडाले जनताको अपेक्षा अनुरूप योजना तथा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने आवश्यक छ। सहकार्य र पारदर्शितामार्फत् सबैले आफ्नो ठाउँमा उत्कृष्टता हासिल गर्ने प्रयास गर्नुपर्नेछ। यसले मात्र हाम्रो गाउँपालिका समृद्ध र सशक्त बन्छ।”

वडा नं. ७ का युवा नेता वडा अध्यक्ष गुनाखर अधिकारीले देखाएको यो अनुकरणीय कार्यसम्पादनले अब अन्य वडाहरूलाई पनि प्रेरणा दिने अपेक्षा गरिएको छ। गाउँपालिकाले अघि सारेको सम्मान कार्यक्रम केवल एउटा वडाको प्रशंसामा सीमित नभई, सम्पूर्ण पालिकाका वडालाई समेट्ने उद्देश्यले अघि बढाइएको अभ्यासको महत्वपूर्ण पाटो बनेको छ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com